**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

# हुलाक सेवा विभाग

# गोश्वारा हुलाक कार्यालय

**सुन्धारा, काठमाडौं**

## सेवा करारमा लिने बारेको शिलबन्दी वोलपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति २०६८।४।५**

यस कार्यालयको सुरक्षा प्रबन्ध गर्न कार्यालयको मूल प्रवेश द्वार तथा अन्य निर्धारित ठाउँमा बसी हरेक दिन बिहान ९.०० बजे देखि बेलुकी ६.०० बजेसम्म दैनिक ९ (नौ) घण्टाको दरले सुरक्षा ब्यबस्था एवं रेखदेख गर्ने प्रयोजनको निमित्त केही सुरक्षाकर्मी आवश्यक भएकोले सम्बन्धीत क्षेत्रिय प्रशासन कार्यालयबाट सुरक्षा सेवा उपलब्ध गराउने अध्यावधिक सहमती पत्र प्राप्त गरेका, मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाण पत्र प्राप्त रजिष्टर्ड फर्म, कम्पनीहरु वा संस्थामध्येबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सूचनामा उल्लखित शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट रु. १०००।-(फिर्ता नहुने गरी) तिरी वोलपत्र फारामहरु खरिद गर्न सकिनेछ ।

२) यसरी खरिद भएका वोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन भित्र दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । म्याद भित्र दाखिला भएका शिलबन्दी वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे वोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्रहरु खोल्न कुनै बाँधा पर्ने छैन ।

३) वोलपत्रहरु खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेका दिन उक्त कार्य हुनेछ ।

४) शिलबन्दी वोलपत्रसाथ वोलपत्र दाताले आफूले प्रति सुरक्षाकर्मी कबुल गरेको बार्षिक रकमको २.५% प्रतिशतका दरले हुन आउने कूल संख्याको एकमुष्ठ रकम यस कार्यालयको ने.रा.बैंक थापाथली स्थित धरौटी खाता नं. १३१३८७०६८ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० (नव्वे) दिन म्याद भएको मान्यता प्राप्त बैंकवाट जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

५) वोलपत्रसाथ अध्याबधिक फर्म/ कम्पनी दर्ता प्रमाण पत्र, VAT तथा PAN दर्ता प्रमाणपत्रका प्रतिलिपि अनिबार्य रुपमा संलग्न गरेको हुनुपर्छ ।

६) वोलपत्रफाराममा दर स्पष्ट बुझिने गरी अंकमा र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

७) रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको वोलपत्रउपर कुनै कार्वाही हुनेछैन् ।

८) सरकारी निकायहरु,संगठित संस्था तथा कम्पनीहरु मध्ये कुनैमा कम्तीमा दुई वर्ष सुरक्षा सेवा प्रदान गरेको कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्दछ ।

९) वोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०) यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन- २०६३, सार्वजनिक खरिद नियमावली- २०६४, एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ ।